
***Dhaulagiri Journal of Contemporary Issues*** *Vol.* 4, *Issue 1* 2026 pp.181-194

Publisher: RMC Dhawalagiri Multiple Campus, Baglung **ISSN: 2990-7993(P)**




**Article information**

Received: 23 March 2026
Reviewed: 25 March to 23 April 2026
Revised 28 April to 25 May 2026
Accepted: 25 June 2026
Published: 8 July 2026
DOI: https://doi.org/10.3126/djci.v4i1.96652
Available: https://dmcjournal.edu.np/index.php/DWJCI

# दिप्रुङ चुइचुम्मा गाउँपालिका-३ खोटाङमा बसाइँसराइको प्रभाव

सबिता बस्नेत
समाजशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय
**Email:** sabitabasnet866@gmail.com

**लेखसार**

सामान्यतः बसाइँसराइ भन्नाले कुनै व्यक्ति वा परिवार परम्परागत रूपमा बसोबास गर्दै आएको स्थान छोडी स्थायी वा अस्थायी रूपमा अर्को नयाँ भौगोलिक स्थलमा बासस्थानका लागि सर्ने प्रक्रिया हो । यसले उदगम र गन्तव्य दुवै स्थलको सामाजिक तथा आर्थिक संरचनामा प्रभाव पार्दछ । प्रस्तुत अध्ययनले खोटाङ जिल्लाको दिप्रुङ चुइचुम्मा गाउँपालिकामा आन्तरिक बसाइँसराले समाजमा के कस्तो प्रभाव पारेको छ भन्ने विषयलाई मुख्य समस्या बनाइ विश्लेषणद्वारा यसको समाधान गर्ने उद्देश्य लिएको छ। यस अनुसन्धान गुणात्मक पद्धतिमा आधारित रहेको छ। तथ्याङ्क संकलनका लागि घरधुरी सर्वेक्षण, अन्तर्वार्ता, अवलोकन वैयक्तिक अध्ययन तथा द्वितीयक स्रोत सामग्रीको प्रयोग गरिएको छ। अध्ययनका लागि उद्देश्यमूलक नमुना छनौट विधिबाट ४० घरधुरीलाई नमूनाका लागि छनौट गरिएको छ। सङ्कलित गुणात्मक तथ्याङ्कको विश्लेषण वर्णनात्मक विधिबाट गरिएको छ। सैद्धान्तिक रूपमा यस अनुसन्धानलाई सबल बनाउन एभरेट एसलीको आकर्षक-विकर्षक सिद्धान्त र गुनार मिर्डालको 'संचयी कारण' सिद्धान्तलाई आधार मानिएको छ । विश्लेषणका क्रममा बसाइँसराइले कृषि क्षेत्रमा पारेको प्रभाव, जनसांख्यिकीय संरचना र सामाजिक जीवनमा परेको असर, शिक्षा क्षेत्रमा परेको प्रभाव, भौतिक संरचना र बस्तीमा परेको असर आदिलाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ। अध्ययनको निष्कर्षले बसाइँसराइका कारण यस क्षेत्रमा खेतीयोग्य जमिन बाँझो रहने प्रवृत्ती बढ्दै गएको र आपत विपतमा साथ सहयोग गर्ने मानिसहरुको अभाव हुँदै गएकाले गाउँमा रोजगार, शिक्षा तथा स्वास्थ्य सेवामा सुधार, र भौतिक पूर्वाधारको विकासमा राज्यले लगानी गर्नुपर्ने आवश्यकता औंल्याएको छ । यस अध्ययनले नीति निर्माण क्षेत्रमा योगदान पुग्ने देखिन्छ ।

***शब्दकुञ्जी :*** आर्थिक प्रभाव, आन्तरिक बसाइँसराइ, जनसांख्यिकीय परिवर्तन, भौतिक संरचना, शिक्षा, सामाजिक प्रभाव ।

*Copyright 2026 © The Author(s): This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/*

## विषयपरिचय

मानवले आफू बसेको ठाउँलाई परित्याग गरी अर्को नयाँ ठाउँमा गएर बसोवास गर्ने प्रक्रियालाई बसाइँसराइ भनिन्छ। बसाइँसराइलाई सामान्यतया प्रशासनिक वा राजनीतिक सिमाना पार गरी गरिने बसोबासको स्थायी वा अस्थायी परिवर्तनको रूपमा परिभाषित गरिन्छ (अन्तर्राष्ट्रिय आप्रवासन संगठन, २००५) । बसाइँसराइ बहुआयामिक सामाजिक प्रक्रिया हो, जसले व्यक्तिको जीवनसँगै समाजको संरचनामा परिवर्तन ल्याउँछ। यसले विश्वव्यापी, राष्ट्रिय तथा स्थानीय तहमा सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक संरचनालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पार्छ (श्रेष्ठ, २०६१)। जनसंख्या परिवर्तनका आधारभूत तत्त्वहरूको वर्णन गर्दा बसाइँसराइलाई सामान्यतया जन्मदर र मृत्युदर सँगै राखेर हेर्ने गरिन्छ। यसले के स्पष्ट पार्छ भने, कुनै पनि क्षेत्रको जनसंख्याको आकार र संरचनामा जन्म र मृत्यु जत्तिकै बसाइँसराइले पनि निर्णायक भूमिका खेल्दछ (ह्वाइट र लिन्डस्ट्रोम, २००५)। नेपालमा बसाइँसराइलाई राष्ट्रिय सीमानाको आधारमा आन्तरिक बसाइँसराइ र बाह्य बसाइँसराइ गरी दुई भागमा वर्गीकरण गरिएको छ (थापा, २०६७)।

आफ्नै देशको सिमानाभित्र एक स्थानबाट अर्को स्थानमा, एक जिल्लाबाट अर्को जिल्लामा वा एक प्रदेशबाट अर्को प्रदेशमा हुने बसोबासको परिवर्तनलाई आन्तरिक वा प्रादेशिक बसाइँसराइ भनिन्छ, भने एक मुलुकबाट अर्को मुलुकमा हुने बसाइँसराइलाई अन्तराष्ट्रिय बसाइँसराइ भनिन्छ (श्रेष्ठ, २०६१)। आन्तरिक बसाइँसराइ समयको आधारमा स्थायी, अर्धस्थायी, अस्थायी र मौसमी प्रकृतिको हुने गर्छ। जसमा मानिसहरू आफ्नो जन्मस्थान छोडेर गन्तव्य स्थानमा पुग्छन् र आफ्नो वासस्थान परिवर्तन गर्छन्। मानिसहरु बसाइँसराइ गर्नुको उद्देश्य जीवनस्तर सुधार गर्नु हो। ग्रामीण क्षेत्रको तुलनामा शहरमा सेवा सुविधाहरू बढी मात्रामा पाइने भएकाले नेपालमा ग्रामीण क्षेत्रबाट शहरमा बसाइँ सर्ने क्रम बढिरहेको छ (आचार्य, २०६६)। मानिसहरू विभिन्न कारणले बसाइँ सर्दछन्, जुन वातावरणीय, आर्थिक, सांस्कृतिक र सामाजिक, राजनीतिक चार श्रेणीमा पर्दछन। यिनै कारणहरूलाई 'आकर्षक र विकर्षक' कारकमा वर्गीकरण गरिन्छ। विकर्षक कारणहरूले मानिसको इच्छा विपरीत बसाइँ सर्न बाध्य पार्छन, भने आकर्षक कारणहरू भने गन्तव्य स्थानमा पाइने अवसर र सुविधासँग सम्बन्धित हुन्छन् (स्लाम र यस्मिन, २०२२)।

बसाइँसराइ मानव सभ्यताको विकाससँग जोडिएको गतिशील सामाजिक प्रकृया हो। प्रारम्भिक समयमा कन्दमूल सङ्कलन गर्ने र सिकारको खोजी गर्ने क्रममा मानिसहरुको समूह नयाँ भूमिमा प्रवेश गरेको पाइन्छ। "नेपालमा आन्तरिक बसाइँसराइ प्रारम्भमा पूर्वबाट पश्चिमतर्फ हुने र राजनीतिक कारणले भएको देखिन्छ। १६औं शताब्दीमा मुकुन्दसेनले तराई जित्दा र १७५६ मा पृथ्वी नारायण शाहले काठमाडौं उपत्यका जित्दा जबर्जस्ती श्रम बसाइँ गरिएको थियो। राणा शासनमा तराईमा बसोबासको नीति रणनीतिक दृष्टिकोणले लागू भयो र १९५६ मा मलेरियाको अन्त्य र चितवन पुनर्वासपछि ठूलो मात्रामा बसाइँ सुरु भयो (रेग्मी, १९८५)। तराई प्रदेशको प्राचीन बस्तीको उद्विकास मुख्यत दुई कुराहरूमा आधारित भएको पाइन्छ। ती हुन ऐतिहासिक कालमा शासकहरूले अबलम्बन गरेका कृषि विकास नीतिहरू र भारतीय रेलमार्ग संजालको विस्तार पहिलो, तराई क्षेत्रमा कृषिको विकास तथा विस्तारमा दुईवटा आर्थिक नीतिहरू थिए। यी नीतिहरूले तराईलाई आर्थिक केन्द्रको रूपमा स्थापित गरे र पहाडी क्षेत्रका मानिसहरूका लागि तराई एक आकर्षक गन्तव्य बन्यो र बसाइँसराइको लहर सुरु भयो (कर्कप्याट्रिक, १९६९)।

यसैगरी दिप्रुङ चुइचुम्मा गाउँपालिकामा पनि आन्तरिक बसाइँसराइले आंशिक रुपमा प्रभाव परेको देखिन्छ। जसका कारण गाउँबाट मानिसहरु बाहिरिने क्रम दिनप्रतिदिन बढ्दै गएको छ। यस स्थलमा बसाइँसराइ विगतदेखि नै रहिआएको भए तापनि पछिल्ला केही वर्षहरूमा यस प्रवृत्तिले तीव्रता पाएको देखिन्छ। जसको प्रत्यक्ष प्रभाव उदगम स्थलमा पर्न जाने हुन्छ। राष्ट्रिय जनगणना (२०६८) अनुसार, दिप्रुङ चुइचुम्मा गाउँपालिका-३ को जनसंख्या २३५३ रहेको थियो भने २०७८ को जनगणनासम्म आइपुग्दा त्यो संख्या घटेर १८९५ मा सीमित भएको देखिन्छ। यस दश बर्षे अवधिमा देखिएको यो नतिजाले यस क्षेत्रबाट देशका विभिन्न सुविधासम्पन्न ठाउँमा बसाइँ सरेर जाने क्रम बढ्दै

गइरहेको देखिन्छ । प्रस्तुत अनुसन्धानको मुख्य उदेश्य दिप्रुङ चुइचुम्मा गाउँपालिका ३ मा बसाइसराइले के कस्तो प्रभाव पारेको छ भन्ने विषयमा अध्ययन गरी समस्याको मूल कारणहरू पत्ता लगाउनु र विश्लेषण गर्नु रहेको छ ।

## सैद्धान्तिक अवधारणा

बसाइँसराइको सैद्धान्तिक अवधारणालाई हेर्दा ली (१९६६) द्वारा प्रतिपादन गरिएको सिद्धान्तले बसाइँसराइको निर्णयलाई प्रभावित गर्ने चार प्रमुख तत्त्वहरूलाई व्याख्या गर्दछ । ती तत्त्वहरुमा उत्पत्ति स्थलका तत्त्वहरू, गन्तव्य स्थलका तत्वहरू, अवरोधक तत्त्वहरू र व्यक्तिगत तत्त्वहरू पर्दछन् । आन्तरिक बसाइँसराइको सन्दर्भमा यो सिद्धान्त निकै सान्दर्भिक मानिन्छ । उदगम स्थलका धकेल्ने कारकहरूले ग्रामीण क्षेत्रका प्रतिकूल अवस्थाहरूलाई जनाउछन् । जसले मानिसहरूलाई आफ्नो मूल स्थान छोड्न बाध्य बनाउँछ । यसअर्तगत, रोजगारको अभाव, गरिबी, कम कृषि उत्पादन, गुणस्तरीय शिक्षाको अभाव तथा भौतिक पूर्वाधारको अभाव जस्ता कारणहरुले मानिसहरू बसाइँ सर्न बाध्य पार्छन् । यसको विपरीत, गन्तव्य स्थल शहरी तथा विकसित क्षेत्रहरूमा पाइने विभिन्न सेवा सुविधाहरुले मानिसलाई बसाइँसर्न आकर्षित गर्छन् । यसमा रोजगारीको अवसर, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच, र सामाजिक सुरक्षा पर्दछन । “बसाइँसराइ विश्वव्यापी परिघटना हो, जुन केवल आर्थिक कारणहरूबाट मात्र नभई सामाजिक, राजनीतिक, सांस्कृतिक, पर्यावरणीय, स्वास्थ्य, शिक्षा तथा यातायात सम्बन्धी कारकहरूबाट पनि हुन्छ । सामान्यतया अवसरहरुको अभाव र कमजोर सामाजिक आर्थिक अवस्थाले निम्त्याउने ‘धकेल्ने कारक र तुलनात्मक रूपमा विकसित क्षेत्रहरूमा पाइने विभिन्न अवसरहरूको आकर्षक कारणले बसाइँसराइ हुने गर्दछ” (थेट, २०१४)।

यसैगरि, गुनार मिर्डलले (सन् १९५७) मा प्रतिपादन गरेको संचयी कारण सिद्धान्त अनुसार, विकास र अविकास एक अर्कासँग घनिष्ठ रूपमा जोडिएका हुन्छन् । विकास कहिल्यै पनि सबै ठाउँमा एकैनासले फैलिँदैन । बरु, केही खास सहर वा सुविधायुक्त ठाउँहरू विकासको केन्द्र बन्छन् र त्यहाँको आर्थिक आकर्षणका कारण ग्रामीण क्षेत्रबाट दक्ष जनशक्ति आफूतिर तान्छन् । मिर्डलले यसलाई दुईवटा मुख्य प्रक्रियाबाट बुझाएका छन् । ‘प्रतिकूल प्रभाव’ यसले गाउँलाई झन् रित्तो बनाउँछ । जब गाउँका पढेलेखेका, जान्ने बुझ्ने र बलिया युवाहरू सहरमा पाइने सुविधा र रोजगारीको लागि गाउँ छोडेर जान्छन् तब गाउँमा काम गर्ने मानिसको अभाव हुन्छ, खेतीपाती बाँझो हुन्छ र गाउँको आर्थिक अवस्था झन् कमजोर बन्दै जान्छ । यसैगरि अर्को स्प्रेड इफेक्ट, (प्रसार प्रभाव) ले सहरको केही फाइदा गाउँसम्म पुर्याउन सक्छ, तर व्यवहारमा ‘प्रतिकूल प्रभाव’ बढी शक्तिशाली हुने हुँदा ग्रामीण क्षेत्रले फाइदाभन्दा बढी क्षति व्यहोर्ने देखिन्छ । दिप्रुङ चुइचुम्मा गाउँपालिकामा देखिएको बसाइँसराइ ‘प्रतिकूल प्रभाव’ को स्पष्ट उदाहरण हो, जहाँ युवा श्रमशक्ति बाहिरिँदा स्थानीय कृषि उत्पादन र सामाजिक संरचना कमजोर बनेका छन् ।

बसाइँसराइले उत्पत्तिस्थल र गन्तव्य दुवै क्षेत्रमा असन्तुलन र समस्या निम्त्याउने गर्छ । बसाइँसरेर छोडेको गाउँमा मानिसको कमी हुन्छ, काम गर्ने युवाहरू घट्छन् र सुरक्षाको समस्या पनि देखिन सक्छ । यसको विपरीत, गन्तव्यस्थल शहरहरूमा जनसंख्या ह्वात्तै बढ्छ, जसले गर्दा स्रोतसाधनमा दबाब पर्छ । वन फँडानी, अपराधमा वृद्धि, जग्गाको मूल्य बढ्ने र वातावरणीय प्रदूषण जस्ता समस्याहरू निम्त्याउँछ (ज्ञवाली, वि.सं.२०६७)। नेपालमा आन्तरिक तथा बाह्य बसाइँसराइ बढ्दो अवस्थामा भए पनि घरेलु हिंसाको समस्या यथावत् रहेको छ । तथापि, बसाइँसराइले हिंसा न्यूनीकरणमा आंशिक प्रभाव पार्ने देखिन्छ । बसाइँसराइको अवधि लामो हुँदै जाँदा घरेलु हिंसाको सम्भावना बढ्ने तर ग्रामीण देखि ग्रामीण बसाइँसराइमा हिंसाका घटनाहरू घट्ने पाइयो । साथै, छोटो अवधिको बसाइँसराइ र महिलाको उमेर वृद्धिसँग हिंसाको जोखिम घट्ने गरेको छ (राई, २०२४) । सुरु सुरुमा कामको खोजीमा घरबाहिर जानेहरूमा प्राय पुरुषहरूको सङ्ख्या धेरै हुन्छ । तर, जब बसाइँसराइको क्रम पुरानो र सामाजिक रूपमा व्यवस्थित हुँदै जान्छ, बिस्तारै महिलाहरू पनि यस प्रक्रियामा जोडिने क्रम बढ्दै जान्छ (स्केल्डन १९८६) । यसैगरि, खत्री (२०२४) को अध्ययनले पश्चिमी

नेपालको नरेठाँटी गाउँमा पुरुष बसाइँसराइले लैङ्गिक भूमिका र सम्बन्धमा पारेको प्रभावलाई विश्लेषण गरेको छ। पुरुषको अनुपस्थितिले महिलाको कार्यबोझ बढाए तापनि रेमिट्यान्सको प्रवाहले उनीहरूको आर्थिक स्वतन्त्रता र निर्णय प्रक्रियामा सहभागिता बढाएको छ । विशेषगरी एकल परिवारका महिलाहरूले परम्परागत पुरुषले गर्ने पेशा अँगाल्ने र सम्पत्तिमाथि अधिकार जमाउने अवसर पाएका छन् । यस्तै, "नेपाल र दक्षिण एसियाली देशहरूमा, बसाइँसराइ गर्ने व्यक्तिहरूको सामाजिक प्रतिष्ठा बढेको पाइन्छ। आफ्नो जन्मस्थान वा मूल थलोमा फर्किएका आप्रवासीहरूलाई कथित माथिल्लो जात र वर्गका मानिसहरूले पनि राम्रो व्यवहार गर्छन् । यसको मुख्य कारण उनीहरूसँग नगद पैसा हुनु र त्यसले जमिन सानो टुक्रा भए पनि किन्न सक्नु हो"(खतिवडा, २०२३) ।

नेपालमा बसाईँसराइले सामाजिक जीवनमा दुईधारे प्रभाव पारेको छ। सकारात्मक रूपमा, यसले साक्षरता र शैक्षिक स्तरमा सुधार, सामाजिक स्थितिमा परिवर्तन, र राजनीतिक चेतनामा वृद्धि ल्याएको छ। मानिसहरूमा चाडपर्व र धार्मिक कार्यमा सहभागी हुने इच्छा पनि बढेको छ (कुँवर,२०१५) । यसैगरी, सुदूरपश्चिम नेपालमा गरिबी, खाद्य अभाव, ऋणको समस्या, सामाजिक भेदभाव र पूर्वाधारको कमीका कारण पुस्तौंदेखि भारततर्फ श्रम प्रवास भइरहेको छ। पछिल्ला राजनीतिक अस्थिरताले यस प्रवृत्तिलाई थप बढाएको छ । नेपाल-भारत खुला सीमाका कारण विकसित ट्रान्सनेशनल सामाजिक सञ्जालले नयाँ प्रवासीहरूलाई पहिल्यै गएका स्थानतर्फ आकर्षित गरेको देखिन्छ (थिमे र बोकर, २०१०)। "गाउँमा भन्दा शहरमा धेरै सुविधाहरू उपलब्ध हुने भएकाले मानिसहरू प्रायजसो ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रतर्फ बसाइँसराइ गर्ने गर्छन" (केसी,२०२०) । यस्तै, खोटाङ जिल्लाको सन्दर्भमा, अधिकारी र होब्ली (२०१३) को अध्ययनले सन् १९६० र १९७० को दशकमा खोटाङबाट तराई क्षेत्रमा ठूलो सङ्ख्यामा मानिस बसाइँ सरेको देखिएको छ । जसलाई पछिल्ला वर्षहरूमा वैदेशिक रोजगारी र रेमिट्यान्सको विस्तारले अझ तीव्र र सहज बनाएको छ । विशेषगरी उदयपुरको गाईघाटलाई खोटाङवासीहरूको ऐतिहासिक प्रवेशद्वार तथा प्रमुख बसाइँसराइ गन्तव्यका रूपमा पहिचान गरिएको छ। जसलाई पछिल्ला दशकहरूमा वैदेशिक रोजगारी र रेमिट्यान्सको विस्तारले अझ सहज बनाएको छ ।

यसैगरि, बसाइँसराइले ल्याउने सामाजिक, आर्थिक परिवर्तनका बारेमा चौधरी (२०२५) को अध्ययनले सप्तरीबाट विराटनगर बसाइँसरेका देव समुदायको सामाजिक आर्थिक रूपान्तरणको विश्लेषण गरेको छ। गुणात्मक विधि प्रयोग गरिएको यस अनुसन्धानले बसाइँसराइपछि यस समुदायको पेशा, आम्दानी र जीवनशैलीमा ठूलो परिवर्तन आएको देखाउँछ। परम्परागत कृषि र पशुपालन छाडेर अधिकांश मानिसहरु अहिले सेवा क्षेत्र र व्यापारमा संलग्न छन् । मुख्यतया रोजगारीको खोजी र राम्रो जीवनस्तरको चाहनाले गर्दा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइँसराइ बढेको र यसले उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याएको निष्कर्ष अध्ययनले निकालेको छ। यस्तै, थापा (२०२५) का अनुसार नेपालमा पहाडबाट तराइतर्फ भइरहेको आन्तरिक बसाइँसराइले देशको सामाजिक-सांस्कृतिक संरचना र राजनीतिक जनसांख्यिकीय स्वरूपमा परिवर्तन ल्याएको छ। राष्ट्रिय जनगणना २०११ र २०२१ का तथ्याङ्कहरूको विश्लेषणका आधारमा उनले बसाइँसराइले समाजमा विविधता ल्याए तापनि यसले क्षेत्रीय असन्तुलन, आपराधिक गतिविधि तथा राजनीतिक शोषणको जोखिम समेत बढाएको तर्क गरेका छन्। बारा जिल्लामा गरिएको स्थलगत अध्ययनले विशेषगरी पहाडी मूलका आप्रवासी र मधेसी मूलका बासिन्दाबीचको सम्बन्धमा थप जटिलता उत्पन्न भएको देखाउँछ। समग्रमा, अव्यवस्थित बसाइँसराइले सामाजिक सद्भावमा नकारात्मक प्रभाव पार्न सक्ने भएकाले यसतर्फ नीति निर्माताहरूले समयमै ध्यान दिनुपर्ने आवश्यकता औंल्याएको छ ।

विश्वव्यापी परिवेशमा बसाइँसराइको अवस्थालाई नियाल्दा, विश्व बसाइँसराइ प्रतिवेदन ( २०२४) अनुसार, विश्वभर करिब २८१ मिलियन अन्तर्राष्ट्रिय आप्रवासीहरू रहेका छन् । अधिकांश मानिसहरू आफ्नै देशमा रहे तापनि काम र रोजगारीको खोजीमा अन्य मुलुक, विशेषगरी उच्च आय भएका देशहरूमा सर्नेहरूको सङ्ख्या बढ्दो छ। यो विश्वव्यापी प्रवृत्तिको प्रत्यक्ष प्रभाव नेपालमा पनि देखिएको छ। बसाइँसराइको यो लहर पछिल्ला दशकहरूमा बढ्दै गएको देखिन्छ। राष्ट्रिय जनगणना (२०६८) मा नेपालमा आन्तरिक बसाइँसराइको दर ९.७% रहेकामा पछिल्लो जनगणना (वि.सं.२०७८)

को तथ्यांक अनुसार, नेपालमा आन्तरिक बसाइँसराइको दर २९.२% पुगेको छ। तीमध्ये सबैभन्दा बढी ३२ % मानिस पहाडी क्षेत्रबाट, २८.९% तराई क्षेत्रबाट र १३.८% हिमाली क्षेत्रबाट सरेका छन्। जसले पहाडी क्षेत्रमा बसाइँसराइको दर उच्च रहेको पुष्टि गर्छ।

विभिन्न स्थानीय स्तरमा गरिएका अध्ययनहरूले पनि ग्रामीण बसाइँसराइका आर्थिक कारणहरूलाई जोड दिएका छन्। गौतम (२००५) ले बाग्लुङ जिल्लाको काँण्डेबास गाविसबाट भएको बसाइँसराइलाई विश्लेषण गर्दै 'धकेल्ने कारकहरू' ग्रामीण बसाइँसराइका प्रमुख कारण भएको निष्कर्ष निकालेका छन्। अध्ययन अनुसार कृषि मुख्य पेसा भए तापनि ७१.८ प्रतिशत उत्तरदाताले गाउँमा कृषि बाहेक अन्य रोजगारीको अभाव रहेको बताएका छन्। दैनिक उपभोग्य वस्तु, शिक्षा र स्वास्थ्य सम्बन्धी खर्च धान्न नगद आम्दानी आवश्यक भएकाले मानिसहरू रोजगारीको खोजीमा गाउँ छोड्न बाध्य भएका छन्। जसलाई काफ्ले र महत (२०२६) को अध्ययनले थप पुष्टि गर्दछ। उनिहरुले नेपालबाट हुने श्रम बसाइँसराइ र यसले घरपरिवारको जीविकोपार्जनमा पार्ने प्रभावको विश्लेषण गर्दै नेपालमा रोजगारीको अभाव,कम जमिन र शिक्षा नै वैदेशिक रोजगारीका मुख्य कारकका रुपमा औंल्याएका छन्। अध्ययन अनुसार, रेमिट्यान्सले घरायसी उपभोगमा अल्पकालीन सुधार ल्याए पनि दीर्घकालीन उत्पादनमूलक लगानी र जीविकोपार्जनको विविधीकरणमा यसको प्रभाव मिश्रित देखिएको छ।

बसाइँसराइ सम्बन्धी गरिएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पूर्व अध्ययनहरूले यसको आर्थिक, सामाजिक तथा जनसांख्यिकीय प्रभावहरूलाई विश्लेषण गरेको पाइयो।(अधिकारी र होब्ली, २०१३) को अध्ययनले खोटाङमा बसाइँसराइको प्रवृत्ति, रेमिट्यान्सको भूमिका, र तराइमा जग्गा खरिदको प्रवृत्तिलाई विश्लेषण गरेका छन् यस्तै, काफ्ले र महत (२०२६) को अध्ययनले वैदेशिक रोजगारी र रेमिट्यान्सले घरधुरीको उपभोगमा सुधार ल्याए पनि दीर्घकालीन उत्पादनमूलक लगानी र जीविकोपार्जनको विविधीकरणमा भने मिश्रित प्रभाव पारेको निष्कर्ष निकालेका छन्। यद्यपि दिप्रुङ चुइचुम्मा गाउँपालिकाको सन्दर्भमा, हालसम्म बसाइँसराइले के कस्तो प्रभाव पारेको छ भन्ने विषयमा अध्यायन कार्य हुन बाकि नै रहेको देखिन्छ। यसै रिक्ततलाई परिपुर्ति गर्नका लागि यो अनुसन्धान गरिएको छ।

## अनुसन्धान विधि

प्रस्तुत अनुसन्धान गुणात्मक पद्धतिमा आधारित रहेको छ। अध्ययनका लागी प्राथमिक र द्वितीयक दुवै स्रोत सामग्रीहरूको उपयोग गरिएको छ। प्राथमिक तथ्याङ्क संकलन दिप्रुङ चुइचुम्मा गाउँपालिका-३ मा घरधुरी सर्वेक्षण, अवलोकन, वैयक्तिक अध्ययन तथा स्थानीय बासिन्दा, शिक्षक, समाजसेवी र बसाइँसराइको प्रभाव भोगिरहेका व्यक्तिहरूसँग समूहिक छलफल गरिएको छ। उत्तरदाताहरूबाट वास्तविक जानकारी प्राप्त गर्न खुला र बन्द दुवै प्रकारका प्रश्नहरू समावेश गरिएको थियो। द्वितीयक स्रोतका रूपमा पुस्तक, विभिन्न लेख रचना, अनलाइन सामग्री तथा राष्ट्रिय अन्तर्राष्ट्रिय निकायहरूबाट प्राप्त तथ्याङ्कलाई उपयोग गरिएको छ। अध्ययनका लागि गैर सम्भाव्यता नमुना छनोट विधि अन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ। अध्ययन क्षेत्रमा रहेका कुल ४६२ घरधुरीमध्ये बसाइँसराइबाट प्रभावित विभिन्न टोल, समुदाय, जातीय समूह र सामाजिक पृष्ठभूमिको प्रतिनिधित्व हुने गरी ४० घरधुरीलाई नमूनाका रूपमा चयन गरिएको छ। गुणात्मक अनुसन्धानमा अनुभव, भोगाइ र तथ्यको गहिराइलाई प्राथमिकता दिइने भएकाले यो नमुना उपयुक्त मानिएको छ। साथै स्थलगत अध्ययनका क्रममा सूचनाहरू दोहोरिन थालेपछि अवाश्यक जानकारी प्राप्त भएको आधारमा उक्त नमूना संख्या पर्याप्त मानिएको छ। प्राप्त तथ्याङ्कहरूको विश्लेषण वर्णनात्मक विधिबाट गरिएको छ। यस अनुसन्धानलाई सैद्धान्तिक रूपमा सबल बनाउन एभरेट एस.ली (१९६६) द्वारा प्रतिपादित बसाइँसराइको विकर्षण-आकर्षण सिद्धान्त र मिर्डल (१९५७) को संचयी कारण सिद्धान्तलाई मुख्य आधार मानिएको छ। यस अध्ययनमा अनुसन्धान नैतिकतालाई विशेष ध्यान दिइएको छ। अनुसन्धानका क्रममा उत्तरदाताहरूलाई अध्ययनको उद्देश्यबारे जानकारी गराई स्वीकृति लिइएको र व्यक्तिगत विवरण गोप्य राखिएको छ।

## नतिजाको व्याख्या तथा विश्लेषण

### बसाइँसराइको प्रभावहरू

बसाइँसराइ समाजको स्वरूप, संरचना र विकास निर्माणको गतिमा दीर्घकालीन प्रभाव पार्ने गतिशील सामाजिक प्रक्रिया हो । यसले उदगम र गन्तव्य दुवै स्थानमा परिवर्तन ल्याउँछ । यस प्रक्रियालाई मिर्डल (१९५७) को संचयी कारण सिद्धान्तको दृष्टिकोणबाट विश्लेषण गर्दा बसाइँसराइ र क्षेत्रीय विकासबीचका असमान सम्बन्ध प्रस्ट देखिन्छ । दिप्रुङ चुइचुम्मा गाउँपालिकामा देखिएको युवा जनशक्तिहरुको पलायन, कृषि उत्पादनमा कमि र स्थानीय आर्थिक गतिविधिमा आएको शिथिलता मिर्डलले व्याख्या गरेको 'प्रतिकूल प्रभाव' सँग सम्बन्धित छ । सक्षम र शिक्षित जनशक्ति बाहिरिँदा गाउँमा काम गर्ने मानिसको अभाव भई परम्परागत कृषि प्रणाली कमजोर बन्नुका साथै सामाजिक एकता र पारिवारिक संरचनामा समेत असर परेको देखिन्छ । यही कारण आश्रित जनसंख्याको भार बढ्दै गएको छ । अध्ययनका क्रममा देखिएका बसाइँसराइका बहुआयामिक प्रभावहरूलाई निम्न तालिकामा प्रस्तुत गरी त्यसको व्याख्या तथा विश्लेषण गरिएको छ ।

**तालिका १**

*बसाइँसराइले विभिन्न क्षेत्रमा पारेको प्रभाव*

| प्रभावका क्षेत्र | घर सङ्ख्या | प्रतिशत % |
|---|---|---|
| कृषि क्षेत्रमा प्रभाव | ११ | २७.५ |
| जनसांख्यिकीय संरचना र सामाजिक जीवनमा प्रभाव | १२ | ३० |
| शिक्षा क्षेत्रमा प्रभाव | ९ | २२.५ |
| भौतिक संरचना र बस्तीमा असर | ८ | २० |
| जम्मा | ४० | १०० |

स्रोत: क्षेत्रकार्य सर्वेक्षण, २०८२

तालिका १ अनुसार, बसाइँसराइले यस गाउँपालिकाको सामाजिक र आर्थिक पक्षमा बहुआयामिक प्रभाव पारेको देखिन्छ। अध्ययन गरिएका कुल ४० घरधुरीको तथ्याङ्कलाई निम्न बुँदाहरूमा विश्लेषण गरिएको छ ।

### जनसांख्यिकीय संरचना र सामुदायिक जीवनमा प्रभाव

कुनै पनि देश वा समुदायको जनसंख्याको बनावट समयसँगै परिवर्तन हुँदै जान्छ । यस परिवर्तनलाई उमेर संरचना, लैङ्गिक अनुपात, जन्मदर, मृत्युदर तथा बसाइँसराइ जस्ता जनसांख्यिकीय घटकहरूले निर्धारण गर्छन् । अध्ययनअनुसार, दिप्रुङ चुइचुम्मा गाउँपालिकामा सबैभन्दा बढी प्रभाव जनसांख्यिकीय संरचना र सामुदायिक जीवनमा (१२ घरधुरी) ३०% परेको देखिएको छ । गाउँमा मानिसको बसोबास पातलिँदै जाँदा आपतविपत पर्दा, कुनै सामूहिक कार्य गर्दा साथ सहयोग गर्ने मानिसहरूको कमी भएको छ । जसका कारण विवाह, ब्रतबन्ध, चाडपर्व, मेला र महोत्सवहरू सुनसान हुन थालेका छन् । यसले गाउँको सामाजिक एकतालाई कमजोर बनाएको छ । यसैगरि, राष्ट्रिय जनगणना २०५८ देखि २०७८ सम्मको तथ्याङ्कलाई हेर्दा २० वर्षको अवधिमा यस गाउँपालिकाको जनसांख्यिकीय संरचनामा परिवर्तन आइ कुल घरधुरीको संख्या निरन्तर घट्दै गएको पाइन्छ । जनसंख्याको अवस्था लाई हेर्दा, २०५८ मा २,५३७ रहेको जनसंख्या २०६८ मा घटेर २,३५३ र २०७८ मा झन् घटेर १,८९५ मा पुगेको छ । यसरी २० वर्षको अवधिमा जम्मा ६४२ जनाको कमी आउनुले यस क्षेत्रबाट बसाइँसराइ भइरहेको छ भन्ने स्पष्ट हुन्छ ।

अध्ययनको क्रममा स्थानीय बासिन्दा संग गरिएको कुराकानी तथा अन्तर्वातामा उहाँ भन्नुहुन्छ
:

बसाइँसराइले गाउँमा मानिसहरूको सङ्ख्या दिनदिनै घटदै गएको छ । आजभोलि गाउँ पहिलाको जस्तो रमाइलो छैन, सुनसान हुँदै गएको छ । आपत विपतमा सहयोग गर्ने मान्छे पाउन पनि गाह्रो भएको छ । गाउँमा मानिसहरूको सङ्ख्या घटेपछि जङ्गली जनावरहरू पसेर बालीनाली खाइदिने समस्या पनि बढेको छ । पहिला बाँदर हेर्न हामी जंगल जान्थ्यौं, आजभोलि हामिलाइ हेर्न बाँदर घरमै आउँछन् । पहिले गाउँमा अर्मपर्मको चलन थियो, तर अहिले हराउँदै गएको छ। सके एक्लैले गर्ने नसके बाँझै छाडन परेको छ (अन्तर्वार्ता, २०८२ फागुन १०) । यसैगरी, आफन्त, छिमेकी र साथीभाइहरू बसाइँ सरेपछि बाँकी रहेका परिवारहरूमा एक्लोपनाको भावना बढेको छ। कृषि पेशा बाहेक अन्य रोजगारीका अवसर नपाउनु आदि कारणले युवा युवतीको रोजाइ शहर तथा विदेश हुने गरेको छ । यसले गर्दा गाउँमा मानिस आकस्मिक बिरामी पर्दा तत्काल अस्पतालसम्म पुर्याउने मानिसको समेत अभाव देखिन थाल्नुले थप सामाजिक सुरक्षामा चुनौती थपेको देखिन्छ ।

**कृषि क्षेत्रमा प्रभाव**

बसाइँसराइले दिप्रुङ चुइचुम्मा गाउँपालिकामा अर्थतन्त्रको मेरुदण्ड मानिने कृषि क्षेत्रमा पनि असर पारेको देखिन्छ। अध्ययनअनुसार २७.५ प्रतिशत उत्तरदाताले बसाइँसराइका कारण कृषि क्षेत्रमा असर परेको बताएका छन् । काम गर्ने मानिसको अभावले गर्दा उब्जाउ भूमिहरू बाँझो रहेका छन भने कुनै जंगलमा परिणत भएका छन् । यी बाँझो रहेका जमिन प्रायः बसाइँ सरेर जानेहरुको रहेको छ । पहिले गाउँमै तरकारी, दूध, दही, घ्यू आदि वस्तुहरू उत्पादन गरिन्थ्यो तर अहिले बाहिरबाट किनेर खानपर्ने अवस्था आएको छ । किनेर खानलाई पनि नजिकमा बजार पनि नरहेको उत्तरदाताको गुनासो रहेको छ ।

**तालिका २**

*दिप्रङ चुइचुम्मा गाउँपालिका वडा न ३ को भु-उपयोग सम्बन्धी विवरण*

| भूमिको अवस्था | क्षेत्रफल वर्ग कि मी | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र | ५.५० | ५१.०६ |
| वन क्षेत्र | २.२६ | २०.९८ |
| झाडी क्षेत्र | १.१३ | १०.४९ |
| घाँसे क्षेत्र | ०.३७ | ३.४३ |
| बाँझो | १.४० | १२.९९ |
| नदीनाला तथा पोखरी | ०.०४ | ०.३७ |
| अन्य बगर तथा भीर | ०.०७ | ०.६४ |
| जम्मा | १०.७७ | १०० |

स्रोत; क्षेत्रकार्य सर्वेक्षण २०८२

तालिका २ अनुसार, अध्ययन क्षेत्रमा रहेको कुल १०.७७ वर्ग किलोमिटर क्षेत्रफलमध्ये कृषि क्षेत्रले सबैभन्दा ठूलो हिस्सा ओगटेको देखिन्छ। जसले कुल क्षेत्रफलको ५१.०६ प्रतिशत भाग समेटेको छ। तर, कृषिक्षेत्रमा यति ठूलो पहुँच हुँदाहुँदै पनि कुल क्षेत्रफलको १२.९९ प्रतिशत जमिन बाँझो रहनु चिन्ताको विषय बनेको छ । कृषि योग्य जमिनको ठूलो हिस्सा खाली रहनुको मुख्य कारण युवा जनशक्तिको अभाव, खेतीपातीप्रतिको घट्दो रुचि, र सिँचाइ तथा आधुनिक प्रविधिको कमी जस्ता कारणहरु रहेको अध्ययनले देखाउँछ। यसले स्थानीय खाद्य सुरक्षा र आत्मनिर्भरतामा चुनौती थपेको छ। त्यसैगरी, वन क्षेत्र (२०.९८ प्रतिशत र झाडी क्षेत्र (१०.४९ प्रतिशत को संयुक्त हिस्साले यस गाउँपालिकामा प्राकृतिक स्रोतहरूको ठूलो हिस्सा रहेको देखाउँछ। यस्तै, घाँसे मैदान ३.४३ प्रतिशत नदी, खोला तथा पोखरी ०.३७ प्रतिशत र भीरपाखाले ०.६४ प्रतिशत न्यून भू-भाग ओगटेका छन् । जसले पशुपालन, जलस्रोत तथा भौगोलिक संरचनाको सीमितता पनि देखाउँछ। यद्यपि, बाँझो जमिनको अनुपात बढ्दै जाँदा भविष्यमा वन र झाडी क्षेत्र अझै बढ्न सक्ने सम्भावना देखिन्छ ।

बसाईँसराइले कृषि क्षेत्रमा परेको प्रभावबारे ६६ वर्षीय स्थानीय बासिन्दा बताउँछन :

गाउँ पहिलाको जस्तो रमाइलो छैन अहिले, सुनसान बन्दै गएको छ । धेरैजसो मानिसहरु रोजगार र पढाईको लागि शहर गएका छन् । आधाजसो घरहरु त बसाइँ हिँडिसकेका छन् । बाँकि रहेका घरमा बुढाबुढी र केटाकेटी मात्र छन् । सबैभन्दा ठुलो समस्या त काम गर्ने मानिस पाउन गाह्रो भएको छ । बसाइँ जानेको मात्र नभएर यहीँ बस्नेहरुको पनि जग्गा बाँझो हुँदै गएका छन् । बस्नेत टोलमा त लहरै घर खाली छन् । आम्दानीको स्रोत नै यही कृषि हो हाम्रो, अहिले कसरी व्यवहार टार्ने भएको छ । धान फल्ने बेसी खेत ३ वर्ष भयो बाँझै छाडेको छौँ । घर नजिकको खेत चाहि गरिरहेका छौं । बसाइँसराइको यो लहर नरोक्ने हो भने अबको केहि वर्षमा गाउँ रित्तिने देखिन्छ (अन्तर्वार्ता, २०८२, फागुन ७) ।

यस भनाइले बसाइँसराइका कारण गाउँमा श्रमशक्तिको अभाव बढ्दै गएको र त्यसको असर कृषि उत्पादनमा परेको  देखाउँछ । खेतीयोग्य जमिन बाँझो रहनु, उत्पादनमा कमी आउनु तथा परम्परागत कृषि प्रणाली कमजोर बन्दै जानु यस क्षेत्रका प्रमुख समस्याका रूपमा देखिएका छन् ।

## शिक्षा क्षेत्रमा प्रभाव

नेपालको सन्दर्भमा शिक्षा र बसाइँसराइ बीच पारस्परिक सम्बन्ध रहेको पाइन्छ । शिक्षा आफैं बसाईँसराइको प्रमुख कारक बन्ने गरेको छ । दिप्रुङ चुइचुम्मा गाउँपालिकामा गरिएको सर्वेक्षणअनुसार, २२.५ प्रतिशत उत्तरदाताले बसाईँसराइका कारण शिक्षा क्षेत्रमा प्रभाव परेको बताएका छन् । विद्यार्थीको आ-आफ्नो क्षमता र रुचीअनुसारका प्राविधिक र व्यावसायिक शिक्षा स्थानीय स्तरमा नहुँदा गुणस्तरीय शिक्षाको खोजीमा परिवार सहित बसाइँ सर्ने क्रम बढदै गएको छ । साथै,सामुदायिक विद्यालय प्रति अभिभावक र विद्यार्थीको विश्वास घटनु आदि रहेका छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८१) ले सार्वजनिक गरिएको प्रतिवेदनअनुसार, दिप्रुङ चुइचुम्मा गाउँपालिकामा जम्मा ४९ वटा विद्यालयहरू रहेका छन् । तीमध्ये एउटा निजी र ४८ वटा सार्वजनिक विद्यालयहरू रहेका छन् । विद्यालयहरूको वर्गीकरण हेर्दा ३४ वटा प्रि स्कूल, ४८ वटा आधारभूत विद्यालय, र १४ वटा माध्यमिक विद्यालय छन् । यी १४ वटा माध्यमिक विद्यालयहरू मध्ये ६ वटामा +२ सञ्चालन गरिएको छ । यसैगरि, शिक्षा शाखा, दिप्रुङ चुइचुम्मा गाउँपालिका (२०८२) ले सार्वजनिक गरिएको प्रतिवेदनअनुसार यस वडामा रहेको शान्ति माध्यमिक विद्यालय छोरम्बुको शैक्षिक सत्र २०८० देखि २०८२ सम्मको तीन बर्षे विद्यार्थी भर्ना तथ्याङ्कलाई तालिका ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३ अनुसार शान्ति माध्यमिक विद्यालयको शैक्षिक सत्र २०८० देखि २०८२ साल सम्मको तुलनात्मक तथ्याङ्कलाई विश्लेषण गर्दा विद्यार्थी संख्यामा गिरावट आएको देखिन्छ । शैक्षिक सत्र २०८० मा कुल २२० विद्यार्थी रहेको विद्यालयमा २०८२ सम्म आइपुग्दा विद्यार्थी संख्या घटेर १२५ पुगेको छ । जुन लगभग ४३ प्रतिशतको कमी हो । तहगत रूपमा हेर्दा, उच्च माध्यमिक तह (११-१२) सबैभन्दा बढी प्रभावित भएको देखिन्छ । २०८० मा ७० विद्यार्थी (३.८१%) रहेको यो तह २०८२ मा आएर केवल ५ जना (४.१६%) मा सीमित भएको छ । जुन् ९० प्रतिशतभन्दा बढीको ह्रास हो । यसले माथिल्लो कक्षाका विद्यार्थीहरूमा व्यावसायिक र प्राविधिक शिक्षाको अभाव, रोजगारीका अवसर नहुनु जस्ता कारणले गाउँ छोड्ने प्रवृत्ति रहेको देखाउँछ । माध्यमिक तह (९-१०) मा पनि विद्यार्थी संख्या ३० बाट १५ मा झरेको छ, जुन लगभग ५० प्रतिशतको कमी हो । यद्यपि आधारभूत तह (१-८) मा पनि विद्यार्थी संख्यामा केही उतारचढाव देखिए पनि कुल विद्यार्थी संख्यामा यसको प्रतिशत ४८.६३ % बाट ७९ %  मा पुगेको छ । यसले विद्यालयमा साना उमेरका विद्यार्थी मात्र बाँकी रहेको र माथिल्लो कक्षामा पढ्ने विद्यार्थीहरू भने उच्च र गुणस्तरिय शिक्षाको खोजीमा शहर जाने गरेको अध्ययनले देखाउँछ ।

**तालिका ३**

*शैक्षिक सत्र २०८०-२०८२ सम्म तहगत विद्यार्थी संख्याको तुलनात्मक विवरण*

| तह | शैक्षिक सत्र २०८० | प्रतिशत (%) | शैक्षिक सत्र २०८१ | प्रतिशत (%) | शैक्षिक सत्र २०८२ | प्रतिशत (%) |
|---|---|---|---|---|---|---|
| पूर्व प्राथामिक | १३ | ५.९० | ६ | ३.४० | ६ | ४.८ |
| आधारभूत (१-८) | १०७ | ४८.६३ | १०९ | ६१.९३ | ९९ | ७६ |
| माध्यामिक(९-१०) | ३० | १३.६३ | २५ | १४.२० | १५ | १२ |
| उच्च माध्यामिक (११-१२) | ७० | ३१.८१ | ३६ | २०.४५ | ५ | ४.१६ |
| जम्मा | २२० | १०० | १७६ | १०० | १२५ | १०० |

स्रोत: शिक्षा शाखा, दिप्रुङ चुइचुम्मा गाउँपालिका २०८२

बसाइँसराइले शिक्षा क्षेत्रमा पारेको प्रभावका बारेमा विद्यालयका शिक्षक भन्नुहुन्छ :
गाउँबाट मानिसहरू बसाइँसरेर जाँदा विद्यालयमा विद्यार्थी सङ्ख्या घटदै गएको छ । पहिले कक्षामा विद्यार्थी टनाटन हुन्थे, तर अहिले पहिलाको जस्तो छैन । कक्षामा थोरै विद्यार्थीलाई पढाउनुपर्दा हामीलाई नै नरमाइलो लाग्छ । अभिभावकहरूको आफ्नो आर्थिक अवस्थामा सुधार आउनासाथ छोराछोरीलाई शहरका बोर्डिङ स्कुलहरूमा पढाउन लैजान्छन् । छिमेकीले छोराछोरीलाई बोर्डिङमा पढाए, म किन नपढाउनु भन्ने विषयमा प्रतिस्पर्धा बढेसंगै शहरको सुविधा र आकर्षणले तानिरहेको छ । भौगोलिक बिकटताका कारण अन्य सेवा सुविधा र विकास निर्माणका काममा ढिला नै भए पनि पछिल्लो समय राम्रो सेवा सुविधा दिन खोजिरहेका छौँ । पुस्तकालय, कम्प्युटर ल्याब र अन्य खेलकुदका सामग्रीहरु जुटाउने कामहरु भइरहेका छन् । धेरैजसो मानिसलाई तत्काल विकाश र सुविधा चाहिएको छ । त्यसैले यहाँ बस्न मन पराउँदैनन् (अन्तर्वाता, २०८२ फागुन ५) ।

यसैगरी, राज्यको लगानीबाट नयाँ भवनहरू र भौतिक पूर्वाधार त बनेका छन्, तर ती भवनभित्र बसेर पढ्ने विद्यार्थीको संख्या भने पातलो हुँदै गएको छ । एकातिर सरकारले विद्यालयका भवनमा करोडौं खर्च गरिरहेको छ भने अर्कोतिर गुणस्तरीय शिक्षाको खोजिमा गाउँका बस्तीहरू रित्तिँदै गइरहेका छन् । यसले शिक्षा क्षेत्रमा संरचनात्मक विकास भए पनि गुणात्मक सुधार हुन नसकेको यथार्थतालाई उजागर गर्दछ । यसरी बस्ती र विद्यालयहरू रित्तिँदै जाने अवस्थाले शैक्षिक गुणस्तर कायम राख्न र विद्यालयको अस्तित्व जोगाउन स्थानीय तहलाई ठूलो चुनौती थपिदिएको छ ।

### भौतिक संरचना र बस्तीमा असर

बसाइँसराइले समाजका आर्थिक, सामाजिक पक्षसँगै भौतिक संरचना तथा बस्तीको स्वरूपमा पनि प्रभाव पार्ने गर्दछ । कुनै क्षेत्रबाट जनसंख्या बाहिरिँदा त्यहाँको बस्ती, सार्वजनिक र सांस्कृतिक सम्पदामा ह्रास आउँछ । अध्ययनको क्रममा २० प्रतिशत उत्तरदाताहरूले बसाइँसराइका कारण भौतिक संरचना र बस्तीमा असर परेको बताएका छन् । बसाइँसराइको लहर बढ्दै जाँदा गाउँका धेरैजसो घरहरू खाली भई बस्ती पातलो बन्दै गएको छ । लामो समयसम्म मानिसको बसोबास नहुँदा कतिपय घरहरू भत्कन थालिसकेका र कुनै भत्किसकेका छन् । क्षेत्रकार्य सर्वेक्षणका क्रममा संकलित तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४

*बसाइँसराइका कारण घरहरूको अवस्था र बसोबासको स्थिति*

| घरहरूको अवस्था | घरसंख्या | प्रतिशत |
|---|---|---|
| खाली भएका बस्न लायक | ५१ | ११ |
| बस्न लायक नभएका भत्केका | १६ | ३.४६ |
| घरधनी नरहेका छिमेकीलाई कुरुवा राखेका | १३ | २.८१ |
| बसाइँ नसरेका घर | ३८२ | ४४.३१ |
| जम्मा | ४६२ | १०० |

स्रोतः क्षेत्रकार्य सर्वेक्षण, २०८२

प्रस्तुत तालिकाअनुसार अध्ययन क्षेत्रका कुल ४६२ घरधुरीमध्ये ४४.३१% (३८२ घर) मा मानिसहरूको बसोबास रहेको छ भने ११% (५१ वटा) घरहरू बस्न लायक हुँदाहुँदै पनि खाली रहेका छन्। यस्तै, ३.४६% (१६ वटा) घरहरू पुर्णरुपमा भत्किसकेका छन्। जसले भौतिक संरचनामा असर परेको र गाउँ छाडेका मानिसहरू फर्कने सम्भावना कम रहेको संकेत गर्छ। यसले बसाइँसराइ अस्थायी नभई दीर्घकालीन भएको देखाउँछ । साथै, २.८१% (१३ वटा) घरहरूमा घरधनीहरू नरहेको र छिमेकीलाई कुरुवा राखिएको अवस्थामा छन् । जसले घरधनी घरजग्गा बिक्रि नभएर आउने जाने गरेको छिमेकिले बताएका छन् । यसले के संकेत गर्छ भने गाउँका झन्डै १७५ भन्दा बढी घरहरू अहिले आंशिक रूपमा उपयोगविहीन बनेका छन। मानिसको बसोवास घट्दा परम्परागत संरचनाहरू लोप हुने जोखिम बढेको छ । यसैगरी, मर्मत सम्हार गर्ने जनशक्तिको अभावका कारण गाउँका परम्परागत मठ, मन्दिर,पाटी, पौवा मानिस हिँडने पुरानो बाटो झाडीले ढाकिँदै गएको र प्रयोगविहीन हुँदै गएका छन् ।

यसै सन्दर्भमा, दिप्रुङ चुइचुम्मा गाउँपालिकाका ६२ वर्षीय स्थानीय बासिन्दा भन्छन् : पहिले गाउँमा जुन घरमा गए पनि मान्छे भेटिन्थे, गफगाफ गरिन्थ्यो आपसी सहयोगको चलन थियो । अहिले एउटा घर गएपछि अर्को घर खाली छ । कुनै घर भत्किन थालेका छन् र आँगनभरि झारपातले ढाकिएको छ । पहिलेका घुमाउने घरहरू धेरैजसो भत्किसके, दुई चारवटा मात्र बाँकी छन् । पहिला काम गरेर भारी बोकेर आउँदा थकाइमार्ने चौतारी, चिसो पानी पिउने कुवा पनि कुनै भत्किसके कतै झाडीले ढाकेका छन् । तिनको मर्मतसम्हार गर्ने मान्छे छैनन् । पहिला गाउँले मिलेर सरसफाई मर्मत सम्हार गर्ने चलन थियो । तर अहिले गाउँमा मान्छे पनि कम रहेकाले सबै आफ्नो काममा हुन्छन् भ्याउँदैनन् (अन्तर्वाता, २०८२ फागुन ५) ।

यसैगरी, बसाइँसराइको प्रत्यक्ष प्रभाव गाउँको समग्र सुन्दरतामा समेत परेको देखिन्छ। रातो माटो र कमेरोले पोतेका सुन्दर घरका भित्तामा घाँस पलाएका छन् । घरको छानो चुहिने भएका छन्। कुनै घरका पर्खाल मात्र बाँकि छन्। गाईवस्तुलाई पानी खुवाउने पोखरी पुरिएका छन्। जसले गाउँको सुन्दरता घटाएको छ । अर्को महत्त्वपूर्ण प्रभाव सामाजिक सुरक्षा र वातावरणीय जोखिमसँग जोडिएको पाइन्छ । खाली घरहरूको संख्या बढ्दै जाँदा आपराधिक क्रियाकलापको जोखिम बढेको अनुभूति स्थानीय बासिन्दाहरूले गरेका छन्। साथै बस्ती वरिपरि झाडी फैलदैं जाँदा हिउँदको समयमा डढेलो लाग्ने सम्भावना बढेको छ । जसले गाउँमा थप त्रास बढाएको छ । यी सबै समस्याहरू एकअर्कासँग अन्तरसम्बन्धित रही गाउँको समग्र भौतिक, सामाजिक र वातावरणीय संरचनामा सकारात्मक भन्दा पनि नकारात्मक प्रभाव पारिरहेका छन्। यदि समयमै स्थानीय तहबाट उचित पहल, प्रभावकारी व्यवस्थापन तथा पुनर्निर्माण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न सकिएन भने रित्तिँदै गएका यी बस्ती र भौतिक संरचनाहरु लोप हुन गई भविष्यमा केवल इतिहासका पानामा सीमित हुने जोखिम देखिन्छ ।

## छलफल

प्रस्तुत अध्ययनबाट खोटाङ जिल्लाको दिप्रुङ चुइचुम्मा गाउँपालिका-३ मा बसाइँसराइको सबैभन्दा बढी प्रभाव जनसांख्यिकीय संरचना र सामुदायिक जीवनमा (३०%) परेको देखिन्छ। त्यसपछि कृषि क्षेत्र (२७.५%), शिक्षा क्षेत्रमा (२२.५%) र भौतिक संरचना तथा बस्तीमा (२०% प्रभाव परेको पाइयो । अध्ययन क्षेत्रमा रहेका कुल ४६२ घरमध्ये ४४.३१% घरहरूमा मानिसको स्थायी बसोबास रहेको पाइयो भने बाँकी घरहरू खाली, भत्किएका र कुनै उपयोग विहीन अवस्थामा रहेका देखिन्छन् । यस अवस्थाले बसाइँसराइ अस्थायी नभई स्थायी प्रकृतिको रहेको देखाउँछ ।

सैद्धान्तिक रूपमा, यस अध्ययनबाट प्राप्त नतिजाहरू एभरेस्ट एस ली (१९६६) को आकर्षण-विकर्षण सिद्धान्तसँग मिल्ने देखिन्छन् । अध्ययन क्षेत्रमा देखिएको बाँझो कृषि भुमी, विद्यालयमा विद्यार्थी संख्या घट्नु र गाउँका घरहरू खाली हुनु जस्ता अवस्थाहरु सबै धकेल्ने कारकहरुका परिणाम हुन् । यसका साथै, युवा पुस्ताको शिक्षा र रोजगारीप्रतिको बढ्दो अपेक्षाले ग्रामीण-शहरी बसाइँसराइलाई अझ तीव्र बनाएको अध्ययनले देखाउँछ । यसैगरी मिर्डल (१९५७) द्वारा प्रतिपादित "संचयी कारण सिद्धान्त" ले पनि प्रस्तुत अध्ययनका नतिजाहरूलाई समर्थन गरेको देखिन्छ । गाउँबाट युवा तथा शिक्षित जनशक्ति बाहिरिनाले कृषि उत्पादनमा कमी आएको छ । कृषि क्षेत्रले ५१ प्रतिशत भू-भाग ओगटेको भए पनि करिब १३ प्रतिशत जमिन बाँझो रहेको देखिन्छ । साथै, बस्तीहरू खाली हुँदै जानु र सामाजिक सहकार्य कमजोर बन्नु मिर्डलले उल्लेख गरेको "प्रतिकूल प्रभाव" सँग सम्बन्धित छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले नेपालमा आन्तरिक बसाइँसराइको दर २९.२ % पुगेको र पहाडी क्षेत्रबाट ३२ % जनसंख्या पलायन भएको देखाउँछ । प्रस्तुत अध्ययनको क्षेत्र दिप्रुङ चुइचुम्मा-३ मा पनि २०६८ को तुलनामा २०७८ सम्म आइपुग्दा जनसंख्या २,३५३ बाट घटेर १,८५४ मा पुग्नुले एक दशकमा करिब २१.५५ प्रतिशतको कमि देखाउँछ । राष्ट्रिय स्तरमा बसाइँसराइ बढ्नु र स्थानीय स्तरमा जनसंख्या घट्नुबीचको यो समानताले ग्रामीण क्षेत्रबाट हुने बसाइँसराइ व्यक्तिगत चाहना मात्र नभई बाध्यता बन्दै गएको पुष्टि गर्छ । यसरी भइरहेको बसाइँसराइ यस गाउँपालिकाको मात्र समस्या नभई नेपालका अन्य ग्रामीण क्षेत्रहरूले भोगिरहेका समस्यासँग मिल्दोजुल्दो देखिन्छ ।

प्रस्तुत अध्ययनको नतिजालाई अन्य समकालीन अनुसन्धानहरूसँग तुलना गर्दा भौगोलिक र सामाजिक परिवेशका आधारमा केही पक्षमा समानता र केहीमा भिन्नता देखिन्छ । चौधरी (२०२५) ले बसाइँसराइपछि पेशागत र आर्थिक संरचनामा परिवर्तन आएको निष्कर्ष निकालेका छन् । दिप्रुङ चुइचुम्मा गाउँपालिकाको सन्दर्भमा पनि परम्परागत कृषि प्रणाली कमजोर बन्दै गएको र गैरकृषि आयमा निर्भरता बढेको देखिन्छ । यस्तै, काफ्ले र महत (२०२६) को अध्ययनले वैदेशिक रोजगारी र रेमिट्यान्सले ग्रामीण जीवनस्तरमा सुधार ल्याई गाउँमै लगानी बढाउने तर्क गरेका थिए । तर, यस अध्ययनले रेमिट्यान्सले गाउँमा लगानी बढाउनुको सट्टा सहरतर्फ दोस्रो चरणको बसाइँसराइ तीव्र बनाएको देखाएको छ । यसैक्रममा, खत्री (२०२४)को अध्ययनले पश्चिम नेपालको सन्दर्भमा पुरुष बसाइँसराइले महिलाको कार्यबोझ बढाए पनि उनीहरूको आर्थिक स्वतन्त्रता र निर्णय प्रक्रियामा सहभागिता वृद्धि गर्ने सकारात्मक पक्ष औँल्याएका छन् । तर, यस अध्ययनको निष्कर्षले दिप्रुङ चुइचुम्मामा यस्तो सशक्तिकरण भन्दा बढी जनशक्ति अभावका कारण खेतीपाती र सामाजिक परम्परा धान्न मुस्किल परेको देखाउँछ । यसले बसाइँसराइको प्रभाव क्षेत्र अनुसार फरक हुने र यहाँको हकमा यसले महिला तथा वृद्धवृद्धामा जिम्मेवारीको भार मात्र थपेको पुष्टि गर्दछ ।

राई (२०२४) ले बसाइँसराइलाई घरेलु हिंसाको न्यूनीकरण वा प्रभावसँग जोडेर हेरेका छन । तर यस अध्ययनमा कुनै पनि उत्तरदाताले घरेलु हिंसालाई बसाइँसराइको कारण र प्रभावको रूपमा उल्लेख गरेका छैनन् । यसले के पुष्टि गर्छ भने, यस क्षेत्रमा बसाइँसराइको प्रमुख कारण हिंसा नभई जीविकोपार्जन र आधुनिक सेवा-सुविधाको खोजी हो । तसर्थ राईको निष्कर्ष र यस अध्ययनको नतिजाबीच  भिन्नता देखिन्छ । अर्कोतर्फ खतिवडा (२०२३) को अध्ययनले नेपाल र दक्षिण एसियाली देशहरूमा बसाइँ सरेर फर्किएकाहरूको आर्थिक हैसियतले सामाजिक प्रतिष्ठा र जातीय सम्बन्धमा

सुधार ल्याउने तर्क गरेको छ । तर दिप्रुङ चुइचुम्मामा व्यक्तिगत फाइदा भन्दा बढी सामाजिक समस्या र संरचनात्मक जोखिम देखिएको छ । यहाँ आर्थिक हैसियत बलियो भएका व्यक्तिहरू गाउँ फर्केर सामाजिक प्रतिष्ठा खोज्नुको साटो शहरतर्फ स्थायी बसाइँ सर्न रुचाउँछन् । यसबाट के बुझिन्छ भने, बसाइँसराइको प्रभाव स्थान र परिवेश अनुसार फरक हुन्छ । दिप्रुङ चुइचुम्माको सन्दर्भमा यसले सकारात्मक परिवर्तन ल्याउनुको सट्टा उल्टै गाउँको सामाजिक र आर्थिक अवस्थालाई कमजोर बनाएको छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनले दिप्रुङ चुइचुम्मा गाउँपालिकामा बसाइँसराइले सामाजिक, आर्थिक, शैक्षिक, वातावरणीय तथा भौतिक संरचनामा प्रभाव पारेको निष्कर्ष निकालेको छ । अध्ययनअनुसार बसाइँसराइको सबैभन्दा बढी प्रभाव जनसांख्यिकीय संरचना र सामुदायिक जीवनमा परेको छ । कुल जनसंख्या तथा घरधुरी संख्या निरन्तर घट्दै गएको छ भने काम गर्ने उमेर समूहका मानिसहरु बाहिरिँदा गाउँमा आश्रित जनसंख्याको अनुपात बढेको छ । पुरुषहरू रोजगारको शिलसिलामा बाहिरिएपछि महिलाहरूले घरायसी काम, कृषि कार्य, बालबालिका तथा वृद्धवृद्धाको हेरचाहमा दोहोरो जिम्मेवारी वहन गर्नुपरेको छ । यससँगै परम्परागत अर्म-पर्म तथा सामूहिक सहकार्यमा साथ सहयोग गर्ने मानिसको अभाव हुँदै गएको देखिन्छ । वर्षौंदेखि खनजोत गरिँदै आएका उर्वर भूमिहरू बाँझो बन्न थालेका छन् । यसले स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भरबाट परनिर्भरतातर्फ धकेल्दै लगेको छ । साथै रेमिट्यान्सबाट प्राप्त आम्दानी उत्पादनमूलक क्षेत्रमा लगानी हुनुको सट्टा दैनिक उपभोग तथा शहरी बसाइँसराइमा खर्च भएको देखिन्छ । शिक्षा क्षेत्रमा पनि बसाइँसराइको प्रत्यक्ष प्रभाव देखिएको छ । विशेषगरी माध्यमिक र उच्च माध्यमिक तहमा विद्यार्थी संख्या घट्दै गएको छ । आर्थिक अवस्था राम्रो भएका परिवारहरूले छोराछोरीलाई गुणस्तरीय शिक्षा र आधुनिक सुविधाको खोजीमा शहरी क्षेत्रमा पढाउने प्रवृत्ति बढेकाले सामुदायिक विद्यालयहरूमा थप चुनौती थपिएको छ । यसैगरी, बसाइँसराइका कारण गाउँका अधिकांश घरहरू खाली तथा जीर्ण बनेका छन् भने बस्तीहरू सुनसान बन्दै गएका छन् । खाली जमिनको मात्रा बढदै जाँदा झाडी तथा वन क्षेत्र विस्तार हुने क्रम बढेको छ । यस अवस्थाले बसाइँसराइ अस्थायी नभई स्थायी प्रकृतिको रहेको देखाउँछ ।

यस अध्ययनले दिप्रुङ चुइचुम्मा गाउँपालिका-३, खोटाङमा बसाइँसराइले पारेको प्रभावहरूको विश्लेषण गर्ने उद्देश्य पूरा गरेको छ । अध्ययनका निष्कर्षहरूले ली (१९६६) को आकर्षण-विकर्षण सिद्धान्तलाई पुष्टि गरेका छन् । ग्रामीण क्षेत्रमा अवसरको अभाव र शहरी सुविधाको आकर्षणले बसाइँसराइ भएको देखिन्छ । साथै, मिर्डल (१९५७) को संचयी कारण सिद्धान्तअनुसार, युवा तथा दक्ष जनशक्ति बाहिरिँदा गाउँको सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचनालाई कमजोर बनाउँदै लगेको पाइयो । स्थानीय सरकारले बसाइँसराइलाई नियन्त्रण गर्नका लागि स्थानीयस्तरमै व्यावसायिक कृषि, साना उद्योगहरूको स्थापना, रोजगारीका अवसरहरूको सिर्जना, सीपमुलक तालिम, शिक्षा तथा स्वास्थ्य सेवामा सुधार र भौतिक पूर्वाधारको विकासमा दीर्घकालीन नीति अवलम्बन गर्नु अपरिहार्य देखिन्छ । यस अध्ययनले दिप्रुङ चुइचुम्माको विद्यमान अवस्थालाई मात्र नभई नेपालका अन्य ग्रामीण क्षेत्रहरूमा भइरहेको बसाइँसराइ र यसका प्रभावहरूलाई बुझ्नका लागि आधार प्रदान गर्ने छ ।

**Ethical approval for the research:** Not applicable

Consent for publication: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

## सन्दर्भसामग्री सूची

Adhikari, J., & Hobley, M. (2013). *Everyone is leaving: Who will sow our fields? The effects of migration from Khotang district to the Terai and to foreign countries.* Nepal Institute of Development Studies (NIDS).

CBS, Nepal (2011). *Nepal Living Standards Survey.* National Planning Commission Secretariat.

CBS, Nepal (2021). National Census Nepal. National Planning Commission.

Center for Education and Human Resource Development. (2081 BS). *IEMIS Report 2081*. CEHRD.

Chaudhary, S. (2025). Causes and effects of rural-urban migration in Nepal: Case of Dev Community in Biratnagar. *Journey for Sustainable Development and Peace Journal*, *3*(1), 6–21.

International Organization for Migration. (2005). *Glossary on migration*. IOM. https://publications.iom.int/system/files/pdf/iml_1_en.pdf

IOM. (2024). Migration and migrants: A global overview. In M. McAuliffe & L. A. Oucho (Eds.), *World Migration Report 2024*. International Organization for Migration (IOM).

Islam, S., Papia, M. J., & Yesmin, S. (2022). The Rural-Urban Migration and its Socio-Economic Consequences: A Study on the Rayerbazar Area of Dhaka City. *International Journal of Publication and Social Studies*, 7(1), 12-18.

Kafle, J. N., & Mahat, K. B. (2026). Labor migration from Nepal and household livelihoods: Drivers, outcomes, and policy implications. *Journal of Advanced Academic Research*, *13*(1), 95–109.

KC, S. (2020). Internal migration in Nepal. In *Internal Migration in the Countries of Asia: A Cross-National Comparison* (pp. 249-267). Springer International Publishing.

Khatiwada, P. P. (2023). International migration in Nepal: Rates, drivers and impacts. *Journal of APF Command and Staff College*, *6*(01), 35-52.

Khattri, G. S. (2023). Shifting Gender Roles in the wake of Male-out Migration in a Village of Western Nepal. *National Development*, 36(2), 89-110.

Kunwar, L. S. (2015). Social consequences of migration: A study of Nepalese society. *The Economic Journal of Nepal, 38*(3-4), 169-181.

Lee, E. S. (1966). A theory of migration. *Demography*, 3(1), 47-57.

Myrdal, G., & Sitohang, P. (1957). *Economic theory and under-developed regions.*

Rai, S. (2024). Impact of Migration on Domestic Violence: A Study of Women in Nepal. Journal of Social Sciences and Humanities, 8(1), 45-58.

Regmi, A. B. (1985). An overview of internal migration in Nepal. *Economic Journal of Nepal, 8*(3), 59-68.

Sai, M., Prusty, A. K., Padhy, C., & Reddy, I. C. (2024). Migration behavior of rural youth from agriculture in North Coastal Andhra Pradesh. *Indian Journal of Extension Education,* 60(4), 30-34.

Sharma, L. (2026). Rural-to-urban migration in Nepal: Causes, trends, and effects on rural development. *Rural Development Journal*, *6*, 58–67.

Skeldon, R. (1986). On migration and different types of development. *Population and development Review*, 12(1), 115-130.

Thapa, M. (2025). Internal Migration in Nepal and Its Implications on Social Harmony. *Unity Journal*, *6*(1), 79-92.

Thet, K. K. (2014). Pull and push factors of migration: A case study in the urban area of Monywa Township, Myanmar. *News from the World of Statistics, 1*(24), 1-14.

Thieme, S., & Müller-Böker, U. (2010). Social networks and migration: Women's livelihoods between Far West Nepal and Delhi. *European Bulletin of Himalayan Research, 35*, 107-121.

White, M. J., & Lindstrom, D. P. (2005). Internal migration. *In Handbook of population* (pp. 311-346). Springer, Boston, MA.

आचार्य, बलराम (२०६६), *समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू,* सनलाइट पब्लिकेसन ।

ज्ञवाली, बाबुराम र पौडेल, मिनराज (२०६७), *जनसंख्या शिक्षा र दर्शन,* जुपिटर पब्लिकेशन एण्ड डिस्ट्रिब्युटर्स ।

थापा, नवराज (२०६७), *जनसंख्याको गतिशीलता,* साई पुस्तक भण्डार ।

शिक्षा शाखा (२०८२), *विद्यार्थी भर्ना तथ्याङ्क प्रतिवेदन (*२०८०-२०८२), दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ ।

श्रेष्ठ, लालकुमार *(२०६१), नेपालमा बसाइँसराइ,* कमला श्रेष्ठ (कक्षपति) ।

## About the Author

**Sabita Basnet** is research scholar, completed her M.Phil. degree in Sociology, she is actively involved in study, research, and writing.